नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office

शाखा : मानवस्रोत विकास, लेखा सुदृढीकरण तथा योजना

पत्र संख्याः २०८१/८२ मिति: २०८१/०५/२७
चलानी नं.: ३० (हस्तलिखित)

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

**विषयः निजी प्रयासमा वैदेशिक अध्ययन, तालिम वा अध्ययन भ्रमणका लागि पूर्वस्वीकृति लिने सम्बन्धी परिपत्र ।**

श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं ।
श्री निवृत्तभरण व्यवस्थापन कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
श्री कुमारीचोक तथा केन्द्रीय तहसील कार्यालय, बबरमहल, काठमाडौं ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालयहरू सबै ।

यस कार्यालय र अन्तर्गतका कार्यालयमा कार्यरत निजामती कर्मचारीहरूले निजी प्रयासमा वैदेशिक अध्ययन, तालिम वा अध्ययन भ्रमण कार्यक्रममा सहभागी हुन तालिम प्रदायक संस्थामा आवेदन दिनु भन्दा अगाडी निजामती सेवा ऐन, २०४९ को दफा ४० (घ) को उपदफा ३, निजामती सेवा नियमावली, २०५० को नियम १२७क. तथा निजामती सेवा नियमावली, २०५० को नियम ५० को उपनियम ३ अनुसार देहाय बमोजिम गर्नु गराउनुहुन यस कार्यालयको मिति २०८१/०५/२७ को निर्णयानुसार यो परिपत्र जारी गरिएको छ।

१. यस कार्यालय र अन्तर्गत निकायमा कार्यरत कर्मचारीले स्वदेश वा विदेशमा निजी प्रयासमा अध्ययन, तालिम वा अध्ययन भ्रमण गर्न चाहने निजामती कर्मचारीले महालेखा नियन्त्रक कार्यालयको पूर्व स्वीकृति लिएर मात्र आवेदन दिनु पर्नेछ ।

२. आफू कार्यरत कार्यालय र आफ्नो पद अनुसारको काम कर्तव्य र जिम्मेवारीसँग तादात्म्यता हुने गरी मात्र यस किसिमका कार्यक्रममा सहभागी हुनको लागि पूर्व स्वीकृति आवेदन दिनु पर्नेछ । आवेदनसाथ अध्ययन, तालिम वा अध्ययन भ्रमणमा सहभागी हुन पेश गरेको निवेदनमा प्रस्तुत कार्य विवरण समेत संलग्न गर्नुपर्नेछ।

३. यसरी वैदेशिक अध्ययन, तालिम वा अध्ययन भ्रमणका लागि पूर्व स्वीकृति लिन निवेदन दिएका कर्मचारीले तालिम तथा अध्ययन कार्यक्रम प्रदायक सँस्थाहरूले निश्चित गरेका शर्तहरू पालना गर्ने गरी तोकिएको ढाँचामा कबुलियतनामा गर्नुपर्नेछ। त्यस्तो तालिम वा अध्ययन कार्यक्रममा कुनै कारणले निज कर्मचारी सहभागी नभई कुनै दायित्व सिर्जना भएमा निज कर्मचारीले नै भुक्तानी गर्नुपर्नेछ।

४. निजी प्रयासमा वैदेशिक अध्ययन, तालिम वा अध्ययन भ्रमणका लागि एक पटक छनौट भईसकेको कर्मचारीले न्यूनतम तीन महिना व्यतित नभई अर्को कार्यक्रममा सहभागिताको लागि पूर्व स्वीकृति प्रदान गरिने छैन ।

५. वैदेशिक अध्ययन, तालिम वा अध्ययन भ्रमणका लागि पूर्व स्वीकृति लिने सम्बन्धी सम्पूर्ण प्रक्रिया यस कार्यालयको मानवस्रोत व्यवस्थापन महाशाखाबाट मात्र गरिनेछ।

२०८१/५/२७

योगेश पराजुली
उपमहालेखा नियन्त्रक


अनामनगर, काठमाडौं, फोन-०१ ४७७१२९०, ४७७०७४९, ४७७०३५१ (ext-२९६), फ्याक्स. : ०१ ४७७१२९१
Email : hrdsection@fcgo.gov.np Web : www.fcgo.gov.np